**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. **प्रधान मन्त्रीले Narendra Modi देशका प्रत्येक महिलालाई उनको सरकारले महिला आरक्षणको मार्गमा आउने सबै अवरोधहरू हटाउने आश्वासन दिनुभयो।**

2. **भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले आज पश्चिम बङ्गालमा पार्टी उम्मेदवारहरूको समर्थनमा धेरै जनसभाहरूलाई सम्बोधन गर्नुहुनेछ।**

3. **रक्षामन्त्री राजनाथ सिंहले नयाँ दिल्लीमा भएको मन्त्रीसमूहको बैठकमा पश्चिम एसियाको अवस्थाको समीक्षा गर्नुभयो ।**

4. **दक्षिण कोरियाका राष्ट्रपति ली जे म्योङ आजदेखि भारतको राजकीय भ्रमणमा आउनुहुने भएको छ ।**

5. **आईपीएल क्रिकेटमा, सनराइजर्स हैदराबादले हिजी राति भएको म्याचमा चेन्नई सुपर किंग्सलाई 10 रनले पराजित गरेको छ।**

**नया रात्रि पीएम - संबोधन**

प्रधान मन्त्रीले Narendra Modi देशका प्रत्येक महिलालाई उनको सरकारले महिला आरक्षणको मार्गमा आउने सबै अवरोधहरू हटाउने आश्वासन दिनुभयो। राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीले महिला आरक्षणको विरोध गर्ने दलहरूले संसद् र राज्य विधान सभामा महिलाको बढ्दो सहभागितालाई रोक्न नसक्ने बताउनु भयो । उहाँले भन्नुभयो, भाजपा र एन.डी.ए. सरकार महिलाहरूलाई सशक्त बनाउने आफ्नो संकल्पमा दृढ छन्। उहाँले यो विधेयक पारित गर्न आवश्यक ६६ प्रतिशत मत नपाए पनि देशका सबै महिलाको आशीर्वाद आफ्नो सरकारसँग रहेको बताउनु भयो।

आफ्नो सम्बोधनमा प्रधान मन्त्रीले भन्नुभयो, राष्ट्रिय हित सर्वोपरि छ यदपी सरकारको इमान्दार प्रयासका बाबजुद नारी शक्ति वन्दन अधिनियममा संशोधन गर्ने विधेयक लोकसभामा पारित हुन सकेन, जसका लागि म सबै माता-बहिनीहरूसँग क्षमा माग्छु। उहाले महिलाको हितमा ल्याइएको यो विधेयक पराजित हुँदा कांग्रेस, डीएमके, समाजवादी पार्टी र तृणमूल कांग्रेसजस्ता दलले महिलाको अधिकार खोसेर ताली बजाएर टेबल पिट्नु निकै पीडादायी भएको बताउनु भयो । प्रधानमन्त्रीले यस्तो व्यवहारले महिलाको आत्मसम्मान र स्वाभिमानमाथिको प्रहार भएको टिप्पणी गर्नुभयो ।

( Byte- PM Modi)

प्रधान मन्त्रीले भन्नुभयो, नारी शक्ति वंदन संशोधन समयको आवश्यकता हो र यो उत्तर, दक्षिण, पूर्व र पश्चिम सहित सबै क्षेत्रहरूमा सन्तुलित सशक्तीकरण सुनिश्चित गर्ने प्रयास हो। यस विधेयकको उद्देश्य संसदमा आनुपातिक प्रतिनिधित्व बढाएर हरेक ठूलो वा सानो राज्यको आवाजलाई बलियो बनाउनु थियो, तर यो इमानदार प्रयासलाई कांग्रेस र उसका सहयोगीहरूले विफल पारे।

आफ्नो सम्बोधनमा प्रधान मन्त्रीले भन्नुभयो, हिजो संसदमा नारी शक्ति वन्दन संशोधनको विरोध गर्ने दलहरूले महिलाको शक्तिलाई हल्का रूपमा लिइरहेका छन्। उहाँले महिला आरक्षणको विरोध गरेर विपक्षीले गरेको पापको सजाय अवश्य हुने बताउनु भयो।

आफ्नो सम्बोधनमा प्रधान मन्त्रीले नारी शक्ति वन्दन संशोधनको उद्देश्य २०२९ मा हुने आगामी लोकसभा चुनावबाट महिलाहरूलाई उनीहरूको बाँकी रहेको अधिकार दिनु पनि रहेको साथै, यो विधेयक २१ औं शताब्दीका भारतका

महिलाहरूका लागि नयाँ अवसरहरू सिर्जना गर्ने, उनीहरूलाई नयाँ उड़ान दिने र उनीहरूको मार्गबाट आउने अवरोधहरू हटाउने क्रान्तिकारी प्रयास रहेको बताउनु भयो। उहाँले सुस्पष्ट नियत र इमान्दारिताका साथ देशको ५० प्रतिशत जनसंख्याले उचित हिस्सा र प्रतिनिधित्व पाऊन् भनेर पवित्र प्रयास गरिएको बताउनु भयो।

**( Byte - Narendra Modi)**

**पश्चिम बंगाल प्रचार अभियान**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले आज पश्चिम बङ्गालको बांकुरा, पुरुलिया, झारग्राम र अन्य जिल्लाहरूमा पार्टी उम्मेदवारहरूको समर्थनमा धेरै जनसभाहरूलाई सम्बोधन गर्नुहुनेछ। भारतीय प्रधानमन्त्री मोदीले बाँकुराको बरजोरामा एक जनसभालाई सम्बोधन गर्ने कार्यक्रम छ। यस्तै भारतीय जनता पार्टी नेता तथा केन्द्रीय मन्त्री जेपी नड्डाले पनि आज उत्तर बंगालको कुचबिहार र जलपाईगुडी जिल्लामा रैलिहरूमा भाग लिनुहुनेछ।

**तमिलनाडु - चुनाव प्रचार**

तमिलनाडुमा हुने चुनावको चुनावी अभियान समाप्त २१ तारिखमा हुन लागेसगै राजनीतिक बयानबाजी र आरोप-प्रत्यारोपको दौर तीव्र भएको छ। यसैबीच भारतीय जनता पार्टीका नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज इरोड जिल्लाको शिवगिरीमा प्रचार गर्नुहुनेछ। यसअघि प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदी एनडिए गठबन्धनलाई बलियो बनाउन राज्यको भ्रमण गर्नुभएको थियो।

**उपराष्ट्रपति - श्रीलंका यात्रा**

उपराष्ट्रपति सी पी राधाकृष्णन दुई दिने औपचारिक भ्रमणका लागि आज बिहान श्रीलङ्का जानुहुने भएको छ। भ्रमणका क्रममा उपराष्ट्रपतिले श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेसँग भेटवार्ता गर्नुका साथै प्रधानमन्त्री हरिणि अमरसूर्यासँग भेटवार्ता गर्नुहुनेछ। उहाँले अन्य वरिष्ठ नेताहरू र भारतीय प्रवासी समुदायका सदस्यहरूसँग पनि भेटघाट गर्नुहुनेछ।यो भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउने अपेक्षा गरिएको छ।

**(आईजीओएम) - पश्चिम एशिया**

रक्षामन्त्री राजनाथ सिंहले नयाँ दिल्लीमा भएको मन्त्रीसमूहको बैठकमा पश्चिम एसियाको अवस्थाको समीक्षा गर्नुभयो। बैठकमा विदेश मन्त्री डा. एस जयशंकर, रसायन र उर्वरक मन्त्री जेपी नड्डा, पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरी, बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्वानन्द सोनोवाल र अन्य केन्द्रीय मन्त्रीहरू उपस्थित थिए।

बैठकमा रक्षामन्त्रीले पश्चिम एसियाको स्थिति अनिश्चित र अस्थिर भएकाले हरेक परिस्थितिका लागि तयार रहन भारत आवश्यक रहेको बताउनु भयो। एउटा महत्त्वपूर्ण निर्णयमा, बैठकले 'भारत समुद्री बीमा पूल' को निर्माणलाई पनि अनुमोदन गर्यो। यसले जोखिमपूर्ण समुद्री मार्गहरूमा यात्रा गर्दा पनि भारतीय जहाज र कार्गोलाई सस्तो बीमा प्रदान गर्न जारी राख्नेछ।

बैठकमा विश्वव्यापी आपूर्ति चुनौतीका बाबजुद भारतसँग पर्याप्त इन्धन भण्डार रहेको जानकारी दिइयो। हाल देशमा कच्चा तेल, पेट्रोल, डिजेल र हवाई इन्धनको ६० दिनभन्दा अधिकको भंडार छ। एलएनजीको स्टक लगभग 50 दिनको लागि रहन सक्छ, जबकि एलपी स्टक पनि लगभग 40 दिनको लागि पर्याप्त छ।

**शिवराज- एमजीएनआरईजीए बैठक**

केन्द्रीय ग्रामीण विकास मन्त्री श्री शिवराज सिंह चौहानले राज्यहरू र केन्द्र शासित प्रदेशहरूका ग्रामीण विकास मन्त्रीहरूसँग भर्चुअल बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा विकसित भारत रोजगार र आजीविका मिशन (ग्रामीण) को कार्यान्वयनको लागि राज्यहरूको तयारीको समीक्षा गरियो।

**दक्षिण कोरियाई राष्ट्रपति  यात्रा**

दक्षिण कोरियाका राष्ट्रपति ली जे म्योङ आजदेखि भारतको राजकीय भ्रमणमा आउनुहुने भएको छ। उहाँका साथ प्रथम महिला किम हे–क्युङ, मन्त्रीहरु, वरिष्ठ अधिकारीहरु र व्यापारिक प्रमुखहरु सहित उच्चस्तरीय प्रतिनिधिमण्डल सहभागी हुने छन। राष्ट्रपति लीको यो पहिलो भारत भ्रमण हो।

भ्रमणका क्रममा राष्ट्रपति लीले प्रधानमन्त्री मोदीसँग जहाज निर्माण, व्यापार, लगानी, आर्टिफिशियल

इंटेलिजेंस, सेमिकन्डक्टर, महत्वपूर्ण र उदीयमान प्रविधि, जनस्तरको सम्बन्ध र सांस्कृतिक आदानप्रदानलगायत विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोगलाई बलियो बनाउन छलफल गर्नुहुनेछ ।

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा, सनराइजर्स हैदराबादले हिजी राति भएको म्याचमा चेन्नई सुपर किंग्सलाई 10 रनले पराजित गरेको छ।पहिले बलिङ गर्दै , सनराइजर्स हैदराबादले आफ्नो निर्धारित 20 ओवरमा 194 रन बनाएको थियो।जसमा अभिषेक शर्मा र हेनरिक क्लासेनले 59-59 रनको पारि खेले। चेन्नईको लागि अंशुल कंबोज र जेमी ओवरटनले तीन-तीन विकेट लिए।जवाफमा, चेन्नई सुपर किंग्स 20 ओवरमा 8 विकेटमा केवल 184 रन बनाउन सक्यो।

***************